总主编　张明舟　徐　鲁
मुख्य सम्पादक　चाङ मिङ्चौ　स्यु लु

浙江文化艺术发展基金资助项目

“一带一路”沿线国家儿童文学经典书系（第一辑）

·尼泊尔卷·

汉文尼泊尔文对照

“बेल्ट एन्ड रोड” राष्ट्रिय बाल साहित्य क्लासिक कथा संग्रह (प्रथम संस्करण)

· नेपाली भाषामा ·

［尼泊尔］凯兰·高塔姆　主编
［नेपाल］किरण गौतम प्रमुख सम्पादक

刘　玲　［尼泊尔］吉　娜　译
ल्यौ लिङ［नेपाल］जीना अनुवादक

宁波出版社
NINGBO PUBLISHING HOUSE

“一带一路”沿线国家儿童文学经典书系（第一辑）

· 尼泊尔卷 ·

“बेल्ट एन्ड रोड” राष्ट्रका बाल साहित्यका क्लासिक कथा संग्रह (प्रथम संस्करण)

• नेपाली भाषामा •

[尼泊尔] 凯兰 · 高塔姆　主编

[नेपाल] किरण गौतम प्रमुख सम्पादक

刘　玲　[尼泊尔] 吉　娜　译

ल्यौ लिङ [नेपाल] जीना अनुवादक

宁波出版社
NINGBO PUBLISHING HOUSE

图书在版编目（CIP）数据

“一带一路”沿线国家儿童文学经典书系. 第一辑, 尼泊尔卷 : 汉文尼泊尔文对照 / (尼泊尔) 凯兰 · 高塔姆主编 ; 刘玲, (尼泊尔) 吉娜译. -- 宁波 : 宁波出版社, 2022.10

ISBN 978-7-5526-4584-2

Ⅰ. ①一… Ⅱ. ①凯… ②刘… ③吉… Ⅲ. ①儿童文学–作品综合集–尼泊尔–汉、尼 Ⅳ. ①I18

中国版本图书馆CIP数据核字(2022)第081180号

版权合同登记号：图字11—2022—164

“一带一路”沿线国家儿童文学经典书系（第一辑）· 尼泊尔卷

——————［尼泊尔］凯兰 · 高塔姆◎主编

刘　玲　［尼泊尔］吉　娜◎译

出 版 人　袁志坚

策划编辑　江一常　　　责任编辑　王楠楠

责任校对　徐　敏　　　责任印制　陈　钰　王璐璐

装帧设计　王泽闻　金字斋

出版发行　宁波出版社

（宁波市甬江大道1号宁波书城8号楼6楼　315040）

印　　刷　宁波白云印刷有限公司

开　　本　710mm × 1000mm　1/16

印　　张　11.25

字　　数　150千

版　　次　2022年10月第1版

印　　次　2022年10月第1次印刷

标准书号　ISBN 978-7-5526-4584-2

定　　价　38.00元

如发现缺页或倒装，影响阅读，请与出版社联系调换。电话：0574-87248279

此为试读，需要完整PDF请访问：www.ertongbook.com

序　言

प्रस्तावना

在一个晴朗的日子，我收到中国著名儿童作家徐鲁发来的消息，他向宁波出版社推荐我作为《“一带一路”沿线国家儿童文学经典书系（第一辑）· 尼泊尔卷》的主编，来参与这个重要图书项目，让一些尼泊尔经典故事走进中国青少年儿童的视野。在过去的五十年里，我和我的家人在尼泊尔一直借助各类报纸、杂志等媒介形式来向尼泊尔人民推广中

एक दिन मैले बाल साहित्यका प्रसिद्ध लेखक स्यु लुबाट एउटा सन्देश पाएँ कि उनले मेरो नाम "'बेल्ट एण्ड रोड' राष्ट्रका बाल साहित्य क्लासिक कथा संग्रह (प्रथम संस्करण), नेपाली भाषामा" भन्ने महत्वपूर्ण पुस्तक परियोजना, जसले गर्दा नेपालका लोक कथाहरू पनि चिनियाँ बाल-बालिका र युवाहरूमाझ प्रवेश गर्न सक्दछन्, भन्ने उद्देश्यले चीनको निङ्ग-पो पब्लिकेशन हाउसलाई सिफारिस गरेका छन् । मेरो परिवार नै नेपालमा चिनियाँ संस्कृतिको परिचय अनि बढावा दिने कार्यमा विगत ५ दशकदेखि विभिन्न पत्र-पत्रिका अनि म्यागजिनमार्फत संलग्न हुँदै आइरहेको छ र साथै हामी केही दशक यतादेखि विभिन्न

国文化，近十年则是通过图书来推进两国文化交流，但我们也同样希望尼泊尔文化能够传播给中国读者。我们曾在中国举行过有关尼泊尔文化的表演，但目前还没有以图书的媒介形式向中国读者介绍尼泊尔文化，因此就欣然接受了这个邀请。

提及尼泊尔，它是一个位于喜马拉雅山脉南麓的东南亚内陆国家，有着 100 多个民族，这些民族以各自独特的风俗文化和生活方式生活在这片土地上。尽管尼泊尔存在数百种语言，但自 1958 年以来，尼泊尔语就被认定为尼泊尔的官方语言，它是从梵文演变而来的。尼泊尔文学在过去的数百年中只有口口相传的形式，在诗人巴努 · 巴克塔 · 阿加里亚（1814—1869）之前，没有人以文字形式记录文学作品。因此，阿加里亚也被誉为“用尼

पुस्तकमार्फत पनि सो कार्यलाई जोड दिँदै आइरहेका छौँ, तर हामी हाम्रो नेपाली संस्कृति पनि चिनियाँ मानिसहरूसमक्ष पुगोस् भन्ने चाही नै रहेका थियौँ । यसका लागि हामीले चीनमा विभिन्न सांस्कृतिक कार्यक्रमहरू पनि आयोजना गरेका थियौँ तर आजसम्म नेपाली संस्कृतिलाई चिनियाँ पाठकमाझ पुऱ्याउनका लागि पुस्तकमार्फत योगदान भने दिन पाएका थिएनौँ । त्यसैले मलाई यो सुझाव निकै राम्रो लाग्यो र खुसीसाथ यसलाई स्वीकारेँ ।

नेपालको बारेमा चर्चा गर्नुपर्दा, यो दक्षिण एसियाको हिमाली काखमा अवस्थित सानो भूपरिवेष्ठित देश हो जहाँ आ-आफ्नै अद्वितीय संस्कृति अनि जीवनशैलीले भरिपूर्ण १०० वटा भन्दा बढी जात-जातीहरुको बसोबास रहेको छ । १०० वटा जात-जातीको १००औँ भन्दा बढी भाषालाई संगालेको भएतापनि राष्ट्रिय भाषा भने सन् १९५८ देखि नेपाली भाषा नै रहँदै आएको छ । नेपाली भाषा संस्कृत भाषाबाट उत्पन्न भएको हो । अनेकौँ शताब्दी अघिदेखि नै बोली-चालीको लागि नेपाली भाषाको प्रयोग हुँदै आएको विश्वास भएतापनि भानुभक्त आचार्यको समय (१८१४-१८६९) अघि यो कुरालाई पुष्टि गर्ने कुनै पनि प्रमाण भने पाइँदैन । तसर्थ, भानुभक्त आचार्यलाई “आदिकवि“ नामबाट सम्मान पनि गरिएको छ जसको अर्थ नेपाली भाषाको “पहिलो कवि” हो ।

泊尔语进行创作的第一位诗人”，他开启了一场文学“革命”，不仅将尼泊尔文学和诗歌带给尼泊尔普通民众，并将神圣的《罗摩衍那》从梵文翻译成尼泊尔语。

众所周知，尼泊尔是一个古老的印度教国家，也是佛陀释迦牟尼的诞生地，尼泊尔文学也深受其社会、宗教和道德价值观的影响。更重要的是，由于尼泊尔地理地貌和生物种类极为丰富和多样，因此其文学也受到了地理环境因素的影响。尼泊尔儿童文学也有同样的特点。尼泊尔儿童文学，特别是一些经典故事，尤为朴素、纯洁，如孩子们的本性一般天真烂漫，这也是尼泊尔人民善良、淳朴的真实体现。

“一带一路”是中国国家主席习近平提出的合作倡议，大大增进了中国和尼泊尔两国文化的国际交流与合作。虽然这部儿童文

उनले नेपाली जनतामाझ नेपाली भाषाको कविता र साहित्य परिचय गराउने ठूलो साहित्यिक क्रान्ति ल्याउनुका साथै पवित्र रामायणलाई संस्कृत भाषाबाट नेपाली भाषामा समेत अनुवाद गरेका थिए ।

हामी सबैलाई थाहा नै छ कि नेपाल प्राचीन हिन्दु राज्य र गौतम बुद्धको पवित्र जन्मथलो पनि हो । यसैले नेपाली साहित्यमा पनि यहाँको सामाजिक, धार्मिक र नैतिक मूल्य मान्यताको निकै ठूलो प्रभाव झल्किएको पाइन्छ । यसका साथै नेपाल भौगोलिक अनि जैविक रुपमा पनि धनी देश भएको हुनाले नेपाली साहित्यमा निकै ठूलो मात्रामा भौगोलिक प्रभाव पनि परेको देखिन्छ । यस्तै झलकहरू नेपाली बाल साहित्यमा पनि प्रचुर मात्रामा पढ्न अनि देख्न सकिन्छ । नेपाली बाल साहित्य, विशेष गरी बाल कथाहरू, स-साना बाल-बालिकाको वास्तविक प्रकृतिझैँ अझ धेरै सरल अनि शुद्ध हुन्छन् जुन नेपाली मानिसहरूको प्रतिबिम्ब पनि हो ।

बेल्ट एण्ड रोड पहल चीनका राष्ट्रपति सी चिनफिङले सुरुवात गर्न जोड दिनुभएको निकै महान परियोजना हो जसले नेपाल र चीन, दुई मित्र राष्ट्रबिच एक-अर्काको संस्कृति आदान-प्रदान तथा सहकार्यलाई धेरै नै मद्दत पुऱ्याएको छ । यसको लागि हाम्रो यो प्रयास समुद्रमा एक थोपा पानी हालेझैँ मात्र भएतापनि हाम्रो नेपाली

学作品的出版看起来像是沧海一粟，但作为可以让中国儿童了解尼泊尔文学的短篇故事集的参与方，我们引以为豪。

完成这个项目并不容易，不同的挑战接踵而至，我们要挑选很多篇内容精良的尼泊尔故事，并将其翻译成中文。最早搜集了50余篇，但由于两国的文化和价值观存在一些差异，双方无法约定明确的选文标准，经过两国主编讨论和层层筛选，最终呈现17篇故事、3篇诗歌给中国和尼泊尔儿童共同学习和阅读。

我们从10位知名尼泊尔当代儿童作家的众多作品中精心挑选出这些内容，相信会创造尼泊尔文学沿着喜马拉雅山麓传入中国的奇迹。希望让阅读这些故事的孩子们感到心情愉悦。

同时，感谢刘玲、吉娜女士和尼泊尔文化中心团队所做的

कथाहरू पहिलो पटक चिनियाँ बाल-बालिकामाझ पुग्ने यो कदमको लागि हामी एकदम गर्ववान्वित छौँ ।

यो परियोजनालाई सफल पार्न त्यति सहज भने पक्कै पनि थिएन । एकपछि अर्को गर्दै कैयौँ चुनौतीहरू खडा भए । सबैभन्दा पहिले त राम्रा नेपाली कथाहरू खोज्न नै गाह्रो भयो, त्यसपछि तिनलाई चिनियाँ भाषामा अनुवाद गर्ने कार्य पनि उत्तिकै गाह्रो थियो । हामीले ५० वटाभन्दा बढी कथाहरू संकलन गरेका थियौँ तर दुई राष्ट्रबिचका सांस्कृतिक तथा सामाजिक मूल्य मान्यतामा आउने भिन्नताका कारण र दुवै पक्षबाट छनौटका मापदण्डहरू त्यति स्पष्ट नभएका कारणले हामीले धेरै नै सर-सल्लाह अनि समय खर्चेर कथाहरू छान्यौँ । नतिजास्वरुप, अहिले यस पुस्तकमा १७ वटा कथा र ३ वटा कविताहरू मात्र समावेश गरिएका छन् जुन नेपाली र चिनियाँ, दुवै राष्ट्रका बाल-बालिकाहरूका लागि उपयुक्त छन् ।

हामीले निकै नै ध्यानपूर्वक १० जना समकालीन बाल साहित्यकारहरूबाट रोचक कथाहरू छनौट गरेका छौँ । आशा छ कि यी कथाहरूले नेपालका हिमाली भेगलाई पार गरेर हाम्रो राष्ट्रको साहित्यिक चमत्कार अनि आश्चर्यजनक कुराहरू छिमेकी राष्ट्र, चीनसम्म पुऱ्याउनेछ । हामी यो पनि आशा गर्दछौँ कि यी

翻译工作，感谢插画师伊森 · 帕里亚尔创作的生动插图。此外，我还要感谢尼泊尔儿童文学基金会在收集尼泊尔故事的过程中给予的帮助和支持，特别感谢卡蒂吉亚 · 吉米尔和马赫什 · 普德尔。

最后，感谢宁波出版社发起这个图书项目并成功付梓，该工作实属不易。

凯兰 · 高塔姆

मीठा कथाहरूले पाठकलाईखुसी अनि मनोरञ्जन प्रदान गर्नेछन् ।

यसका साथै म सुश्री ल्यौ लिङ, सुश्री जीना तामाङ र नेपाल कल्चर हबका सम्पूर्ण सदस्यलाई अनुवाद कार्यको लागि अनि सुन्दर चित्राङ्कनका लागि ईशान परियारलाई धन्यवाद दिन चाहन्छु । यसै गरी नेपाली कथाहरू संकलन गर्न सहयोग गरिदिनुभएकोमा नेपाल बाल साहित्य फाउन्डेशनलाई पनि धन्यवाद दिन चाहन्छु र विशेष धन्यवाद कार्तिज्ञ घिमिरे र महेश पौडेललाई ज्ञापन गर्न चाहन्छु । अन्तः तर सबैभन्दा महत्वपूर्ण, निङ्ग-पो पब्लिकेशन हाउसलाई यति विशाल परियोजना लिएर समापन गर्नुभएकोमा धेरै धन्यवाद टक्राउन चाहन्छु, यो कार्य साँच्चै नै सहज भने थिएन ।

किरण गौतम

目　录
विषयसूची

阿帕、坦迪和雪人
आप्पा, टेण्डी र यती 001
让朱史瑞 · 帕拉珠丽　रञ्जुश्री पराजुली

魔法袋
मनचिन्ते झोला 008
杰尔斯瓦利 · 施雷斯塔　जलेश्वरी श्रेष्ठ

苏米特的心
सुमितको मन 019
卡比塔 · 帕拉朱里　कविता पराजुली

邻居的生日
पल्लोघरमा जन्मदिन 027
拉玛 · 阿迪卡里　रमा अधिकारी

智力游戏
धर्सा छोट्याउने प्रश्न 038
艾 · 皮 · 阿迪卡里　आई. पी. अधिकारी

施亚木的故事
श्यामुको कथा 047
苏西拉 · 杜雅　सुशीला देउजा

青蛙的瑜伽
भ्यागुताको योग 053
卡比塔 · 帕拉朱里 कविता पराजुली

多姆和多吉历险记
डोमु र डोजीको भ्रमण 068
卡比塔 · 帕拉朱里 कविता पराजुली

来自兔子的教训
खरायोबाट शिक्षा 079
卡比塔 · 帕拉朱里 कविता पराजुली

我不是小偷
म चोर होईन 085
卡蒂基亚 कार्तिकिय

孙子的爱
नातिको माया 095
卡比塔 · 帕拉朱里 कविता पराजुली

“停”
“ए.... पख् ” 103
瑞史密 · 卡吉 रश्मी खागी

好奇心
जिज्ञासा 117
吉塔 · 克沙瑞 गीता केशरी

俊和塔拉
जून र तारा 127
卡比塔 · 帕拉朱里 कविता पराजुली

此为试读，需要完整PDF请访问：www.ertongbook.com

一场我想去的旅行
चन्द्रागिरि जाने रहर 134
科里杰尔 · 科特佳 क्रिजेल खोतेजा

玛杜的爱
मधुको माया 147
卡比塔 · 帕拉朱里 कविता पराजुली

三个不眠之夜换来的礼物
एउटा उपहारका लागि तीन अनिदा रातहरू 153
莫亥史 · 颇德耀 महेश पौड्याल

德赛节来了
दशैं आयो 165
佚 名 बेनामी

下雨了
पानी पऱ्यो 166
佚 名 बेनामी

我的家乡加密热
मेरो गाउँ ज्यामिरे 167
兰巴布 · 苏维迪 रामबाबु सुवेदी

阿帕、坦迪和雪人

आप्पा, टेण्डी र यती

让朱史瑞 · 帕拉珠丽
रञ्जुश्री पराजुली

坦迪是一头生活在喜马拉雅山上的牦牛。众所周知，牦牛是一种特殊的牛。喜马拉雅山常年积雪，因此牦牛身上覆盖着厚厚的毛，以抵御严寒。坦迪和她的主人住在世界最高峰——珠穆朗玛峰山脚下的索卢昆布地区的一个村庄里。

索卢昆布地区是夏尔巴人的聚居地。夏尔巴人以擅长攀登高山而闻名。索卢昆布地区一位名

टेण्डी नाम गरेको याकको घर सोलुखुम्बु भन्ने ठाउँमा छ । त्यो ठाउँ संसारकै सबैभन्दा अग्लो हिमालय पर्वत सगरमाथाको पिँधमा रहेको छ । त्यहाँ सबैले याक पाल्दछन् । याक एक प्रकारको हिमाली गाई हो ।

सोलुखुम्बु शेर्पा जातीको बासस्थान हो । शेर्पाहरू संसारभरी नै हिमाल चढ्न सक्ने क्षमताका लागि प्रख्यात छन् । सोलुखुम्बु क्षेत्रको नै “हिम चितुवा” भन्ने उपनामले चर्चित आङ काजी शेर्पा नामक एक बासिन्दाले १८ पटक सगरमाथा आरोहण गर्न सफल भएका छन् जस कारण उनी नेपाल लगायत विश्वभरी नै प्रख्यात छन् ।

叫昂卡吉 · 夏尔巴的居民，绰号“雪豹”，他因成功登顶珠穆朗玛峰 18 次而扬名海内外。

牦牛奶非常有营养。夏尔巴人用牦牛奶烹饪各种各样的食物。他们也将牦牛当驮畜，并用它的皮毛制作保暖的衣服。

夏尔巴男孩阿帕住在索卢昆布地区。他的父亲有几头牦牛，所以，阿帕常喝牦牛奶。他的祖母用牦牛奶做切赫比干奶酪，他们全家人都喜欢干嚼这种奶酪。

阿帕非常喜欢坦迪，坦迪也喜欢阿帕，他们彼此喜欢，经常一起玩耍，成了对方最好的朋友。白天，阿帕去上学，坦迪感到很孤独。当阿帕放学回家，他们俩就去外面的雪地里玩。

在阳光明媚的日子里，他们时常上山玩。坦迪比阿帕小，但作为四足动物，她非常强壮，走得比阿帕快，因此她总是驮着阿帕。

सोलुखुम्बु हिमालको फेदमा भएकोले त्यहाँ धेरै हिउँ पर्छ। त्यसैले जाडो पनि धेरै हुन्छ।

याकले दूध दिन्छ। याकले भारी बोक्छ। त्यहाँका शेर्पा जातिहरू याकको रौँबाट न्यानो लुगा बुनेर लगाउँछन्।

आप्पा नाम गरेको एउटा शेर्पा केटोको घर पनि सोलुखुम्बुमा नै छ। आप्पाको घरमा पनि याक पालेको छ। याकको दूधबाट हजुरआमाले बनाएको छुर्पी उसलाई धेरै मनपर्छ, उसको घरमा पालेका याकहरूमध्ये नीमा नाम गरेकी माऊले जन्माएको बाच्छो पनि छ। आप्पाले त्यो बाच्छोको नाम ‘टेण्डी’ राखेको छ। आप्पालाई टेण्डीसँग खेल्न रमाइलो लाग्छ। आप्पा र टेण्डी मिल्ने साथी भएका छन्। आप्पा स्कुल गएको बेला टेण्डी गोठमा उग्राएर बस्छ। ऊ आएपछि ती दुई घुम्न जान्छन्।

मौसम राम्रो भएर घाम लागेको बेला ती दुई उकालो चढेर पहाडमाथितिर पनि घुम्न जान्छन्। टेण्डी याकको बाच्छो भएकोले आप्पाभन्दा ठूलो भैसकेको थियो। ऊ आप्पालाई पिठ्यूँमा बोकेर घुम्न जान सक्थ्यो। आप्पाको उमेर आठ वर्षको थियो।

जाडो महिनाको एक दिन आकाशबाट फुस

那时，阿帕八岁。

一个星期六的下午，刚下过一场大雪，四周银装素裹，看上去很美。阿帕想出去玩雪，但雪下得太大，他被家人关在家里。于是，他偷偷地走到坦迪跟前说：“坦迪，看，外面太美了。你不认为我们应该出去欣赏大自然的美吗？你觉得怎么样？”

坦迪点点头表示同意。实际上，她能明白阿帕的所有感受。只是她不会说话而已。他们开始沿着被雪覆盖的小路爬起山来。雪突然之间下得更大起来。不过，他们一点也不担心。阿帕穿着厚厚的羊毛衣服，手上戴着奶奶用牦牛毛织的手套，脚上穿着用牦牛毛织的袜子。坦迪也有厚厚的毛保护自己。因此他们惬意地享受着雪景。过了一会儿，阿帕对坦迪说：“我的朋友，我们现在应该回去了。不然，妈妈和奶奶会

फुस हिउँ झरिरहेको थियो । आप्पालाई हिउँमा खेल्न मन लाग्यो । आमाले “हिउँ परेको बेला बाटो छल्लिएर हराइन्छ त्यसैले टेण्डीलाई लिएर घुम्न नजाऊ है” भन्नुहुन्थ्यो । तर त्यो हिउँ परेको दिन आप्पाले आमाले भनेको कुरा बिर्सियो । ऊ टेण्डीलाई लिएर हिउँमा घुम्न हिँड्यो ।

हिउँले ढाँकेर सेताम्य भएका बोट बिरुवा डाँडापाखा हेर्दै, रमाउँदै उनीहरू उकालो चढ्न थाले । हिउँ बाक्लो पर्न थाल्यो । उसले याकको रौँबाट बनाएको बाक्लो ज्याकेट, मोजा, टोपी लगाएको थियो । टेण्डीको त आफ्नै बाक्लो कालो भुवा छँदै थियो । त्यसैले उनीहरूलाई धेरै जाडो पनि लागेको थिएन । उनीहरू गफ गर्दै धेरै माथि पुगे । आप्पाले आफूसँग गफ गर्दा टेण्डी कुरा बुझेर टाउको हल्लाउँथ्यो । टेण्डीले त्यसो गरेको आप्पालाई रमाइलो लाग्थ्यो ।

“अब त घर फर्किनु पर्छ टेण्डी नत्र घरमा सुर्ता गर्छन्” भन्दै ती दुई ओरालो झर्ने तरखर गर्न थाले तर बाक्लो हिउँको थुप्रोले बाटो बिर्सिए । परेन अब फसाद ? के गर्ने ? घर कसरी पुग्ने ? आप्पालाई चिन्ता पर्‍यो । उनीहरूलाई जाडो पनि भयो ।

हिउँ जस्तै सेतो भुवा भएको हिउँमा नै बस्ने एक प्रकारको जन्तुले उनीहरूको कुरा सुनिरहेको थियो । त्यो सेतो जन्तु दयालु थियो । उनीहरू

担心的。”

他们决定回家，但发现迷路了。大雪覆盖了路面，他们无法辨认他们来时的路。阿帕很担心，他冻得瑟瑟发抖。

一个身上覆盖着厚厚的羊毛皮的雪人看到了阿帕的窘境，他想帮助他们回家。于是他问：“阿帕,你在雪地里迷路了吗?”

阿帕听到这个声音感到很惊讶,但他发现周围并没有人。阿帕问：“你是谁? 你在哪里? 我看不到你。你怎么知道我的名字?”

雪人说：“我是雪人！大家都这么叫我。我像雪一样白，所以你看不见我。来，坐在我肩上。坦迪，你也走过来，我用手抱着你，带你们回家。”阿帕坐在雪人的肩上，雪人用一只手抓着坦迪。然后，他沿着被雪覆盖的小路向下滑行。

很快，他们就到了阿帕家附

बाटो छल्लिएको थाहा पाएर “आप्पा तिमी बाटो छल्लिएको हो ?” भनेर सोध्यो ।

कसैले आफ्नो नाम लिएर बोलाएको सुनेर आप्पा चकित पर्‍यो । उसले त्यो बोल्ने जन्तुलाई नदेखेर यताउति टाउको घुमायो । “तपाईं को हो ? मेरो नाम कसरी थाहा पाउनु भयो ? तपाईं पनि बाटो छल्लिएको हो ?” भनेर सोध्यो ।

“मेरो त घर नै यहीं हो । हिउँमा बनाएको गुफाभित्र हामी बस्छौँ । मजस्ता अरू पनि यहाँ धेरै छन् । म मेरा बाबाआमासँग गुफाभित्र बस्छु । हामी यहीं शिकार खोजेर खान्छौं” उसले भन्यो । “बाक्लो हिउँ परेको बेला हामी तल गाउँतिर केही खाने कुरा पाइन्छ कि भनेर खोज्न जान्छौँ । तिम्रो बाबाको नाम तेन्जिङ दोर्जे शेर्पा त हो नि । म तल गाउँका सबै गाउँलेलाई चिन्दछु तर उनीहरू भने मलाई देख्दैनन् ।” उसले फेरि भन्यो ।

तपाईंहरू किन मान्छेसँग लुकेर बस्नु भएको त ? भनेर आप्पाले सोध्यो ।

“हामी हिउँमा बाँच्ने प्राणी भएकाले मान्छेसँग बस्न सक्दैनौं । मान्छेले हामीलाई समातेर लैजालान् अनि धेरै दुःख देलान् कि भन्ने डरले हामी लुकेर बसेका हौँ । एकपटक एउटा पर्वतारोहीले मेरो हजुरबाको पाइतालाको छाप हिउँमा देखेछ,

此为试读，需要完整PDF请访问：www.ertongbook.com